आज मिति २०८३ साल असार महिना २९ गते सोमबारका दिन जहदा गाउँपालिका अध्यक्ष श्री जितेन्द्र प्रसाद साह ज्यूको अध्यक्षतामा बसेको दोश्रो गाउँसभाको एघारौ अधिवेशनको उदघाटन सत्र बैठकमा तपसिल बमोजिमको पदाधिकारीहरुको उपस्थिती रहयो ।

तपसिल

| क.स. | पदाधिकारीहरुको नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | जितेन्द्र प्रसाद साह | अध्यक्ष | |
| २ | हन्ना सोरेन | उपाध्यक्ष | |
| ३ | बाबुराम राजवंशी | सदस्य | |
| ४ | चन्द्र शेखर कुमार साह | सदस्य | |
| ५ | अनिल कुमार ठाकुर | सदस्य | |
| ६ | श्री शिव शंकर गामी | सदस्य | |
| ७ | श्री मुन्सी मुर्मु | सदस्य | |
| ८ | सुर्यानन्द मण्डल | सदस्य | |
| ९ | भगवान मरण्डी | सदस्य | |
| १० | महेन्द्र प्रसाद मण्डल | सदस्य | |
| ११ | लक्ष्मी प्रसाद मण्डल | सदस्य | |
| १२ | सरिता देवी सरवरिया | सदस्य | |
| १३ | श्री सुरजा देवी पासमान | सदस्य | |
| १४ | श्रीमति ज्योति कुमारी मण्डल | सदस्य | |
| १५ | तेतरी कुमारी राजभर | सदस्य | |
| १६ | राज कपुर यादव | सदस्य | |
| १७ | साविर मिँया | सदस्य | |
| १८ | अनन्दी देवी सरवरिया | सदस्य | |
| १९ | जितन हास्दा | सदस्य | |
| २० | विगेन कुमार राजवंशी | सदस्य | |

| | | | |
|---|---|---|---|
| २१ | गुलशन खातुन | सदस्य | |
| २२ | प्रमिला देवी रिषिदेव | सदस्य | |
| २३ | मन्जु देवी सदा | सदस्य | |
| २४ | सिता देवी राजवंशी | सदस्य | |
| २५ | तारणी देवी मलाह | सदस्य | |
| २६ | नेफा लाल राजवंशी | सदस्य | |
| २७ | श्री शिव नारायण मुर्मु | सदस्य | |
| २८ | श्री उमेश कुमार मण्डल | सदस्य | |
| २९ | श्री कलिया देवी मुखिया | सदस्य | |
| ३० | श्री लक्ष्मण सिंह नुनिया | सदस्य | |
| ३१ | श्री प्रमोद कुमार मण्डल | सदस्य | |
| ३२ | श्रमिति आरती देवी मुसहर | सदस्य | |
| ३३ | प्रमिला देवि मण्डल | सदस्य | |
| ३४ | मैनकी देवि रिषिदेव | सदस्य | |
| ३५ | सुरेन्द्र प्रसाद गहदार गनगाई | सदस्य | |
| ३६ | राजकिशोर मण्डल | सदस्य | |
| ३७ | सुर्य नारायण मण्डल गनगाई | सदस्य | |
| ३८ | देवा नन्द मण्डल धानुक | सदस्य | |
| ३९ | रुपा देवी रिषिदेव | सदस्य | |
| ४० | रोशन कुमार गुप्ता | सदस्य-सचिव | |

# जहदा गाउँपालिकाको विनियोजन ऐन,२०८३

## गाउँसभाबाट पारित मितिः २०८३/०३/२९ गते

जहदा गाउँपालिका

मझारे, मोरङ्ग

२०८३

जहदा गाउँपालिकाको आर्थिक बर्ष २०८३/०८४ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभामा स्वीकृत भएको मितिः २०८३/०३/२९

प्रस्तावनाः जहदा गाउँपालिकाको आर्थिक बर्ष २०८३/०८४ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम जहदा गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "जहदा गाउँपालिकाको विनियोजन ऐन, २०८३" रहेको छ ।

(२) यो विधेयक २०८३ श्रावण १ गते देखि लागु हुनेछ ।

२. **आर्थिक वर्ष २०८३/०८४ को निमित्त संञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष २०८३/०८४ को निमित्त गाउँ कार्यपालिका, वडा कार्यालय, विषयगत शाखाले प्रदान गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ७६,१५,४९,६५४।- (अक्षेरुपी छयत्तर करोड पन्ध्र लाख उन्नपचासऽ हजार छ सय चौवन्न मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजनः**

(१) यस विधेयकद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८३/०८४ को निमित्त जहदा गाउँपालिकाको गाउँ कार्यपालिका, वडा कार्यालय र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा कार्यालय र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूची-१

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संचित कोषबाट विनियोजन हुने रकम

| क्र.स. | शिर्षकको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | गाउँ कार्यपालिका तथा वडा कार्यालय | ४७४०१९६५४ | |
| २ | संघीय सरकार सर्शत | २३०१९०००० | |
| ३ | संघीय सरकार विशेष अनुदान | १८०००००० | |
| ४ | संघीय सरकार समपुरक अनुदान | १९५००००० | |
| ५ | प्रदेश सरकार समपुरक अनुदान | १२०००००० | |
| ६ | प्रदेश सरकार सर्शत अनुदान | ७८४०००० | |
| कुल जम्मा | | ७६१५४९६५४ | |